प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१ विराटनगर

# प्रस्ताव आह्वानसम्बन्धी सूचना

गोरखापत्र दैनिकमा प्रथमपटक प्रकाशित मिति २०७५।८।२८

यस मन्त्रालयको आ.व. २०७५।७६ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार देहायबमोजिमको कार्यक्रम सम्बन्धित"कार्यक्रम सञ्चालन निर्देशिका/कार्यविधि २०७५" बमोजिमका शर्तहरु पालना गरी कार्यान्वयन गर्न गर्न लागि यस प्रदेश नं.१ अन्तर्गतका इच्छुक स्थानिय तह/सहकारी संघ/संस्था, व्यवसायीक संघ/संस्था, /फर्मर/म्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनभित्र कार्यालय समयमा सम्बन्धित निर्देशिका/कार्यविधिअनुसारको ढाँचामा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुनआएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरासमेत जानकारी गराईन्छ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.०२१-४७०११३, पशु चिकित्सक श्री कुमारसिंह खत्री, मोवाईल नं. ९८५२०२१४२० मा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन निर्देशिका/कार्यविधि डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ।

**कार्यक्रम विवरण :**

| क्र. सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| १ | मासु चिस्यान घर (कोल्ड रुम) स्थापनामा अनुदान | २ | ७५% वा बढीमा २५ लाख/ मासु चिस्यान घर | मासु व्यवसायी संघ/संस्था, मासु उद्यमी/ व्यवसायी सहकारी संघ/संस्था, नीजि फर्म, कम्पनी एवं निजी उद्यमी |
| २ | मिटमार्ट स्थापनामा अनुदान | ४ | ७५% वा बढीमा ३० लाखरमिटमार्ट | स्थानिय तह, मासु व्यवसायीक संघ/संस्था, सहकारी संस्था, फर्म तथा कम्पनी, निजी उद्यमी/व्यवसायी |
| ३ | डेरी उधोगको सहकार्यमा दुग्ध ढुवानी साधन खरिदमा अनुदान | ४ | ७५% वा बढीमा ५० लाख/दुग्ध ढुवानी साधन | सहकारी संस्था, नीजि फर्म, कम्पनी एवं निजी उद्यमी, व्यवसायीक संघ/संस्था |
| ४ | मासु ढुवानीको लागि रेफ्रिजेरेसन सवारी साधन खरिदमा अनुदान | २ | ७५% वा बढीमा ५० लाख/सवारी साधन | सहकारी संस्था, नीजि फर्म, कम्पनी एवं निजी उद्यमी, व्यवसायीक संघ/संस्था |
| ५ | जिवित पशुपन्छी ढुवानीको लागि सुबिधायुक्त सवारी साधन खरिदमा अनुदान | १ | ७५% वा बढीमा २५ लाख/सवारी साधन | सहकारी संस्था, नीजि फर्म, कम्पनी एवं निजी उद्यमी, व्यवसायीक संघ/संस्था |
| ६ | साना डेरी प्रशोद्धन केन्द्र स्थापनामा अनुदान | २० | ७५% वा बढीमा १० लाख/साना डेरी प्रशोद्धन | सहकारी संस्था, नीजि फर्म, कम्पनी एवं निजी उद्यमी |
| ७ | टि.एम.आर.मेशिन खरिदमा अनुदान | १० | ७५% वा बढीमा १० लाखसम्म | सहकारी संघ/संस्था, फर्म, कम्पनी , निजी उद्यमी/व्यवसायीक |
| ८ | ग्रामिण कुखुराको ह्याचरी स्थापनामा अनुदान | २ | ७५% वा बढीमा १५ लाख/ह्याचरी | सहकारी संघ/संस्था, फर्म, कम्पनी , निजी उद्यमी/व्यवसायीक |
| ९ | साइलेज तथा हे प्रविधिमा ७५% अनुदान | २० | ७५% वा बढीमा १० लाख/साईलेज तथा हे प्रविधि | सहकारी संघ/संस्था, फर्म, कम्पनी , निजी उद्यम/व्यवसायीक |
| १० | हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा प्रवर्द्धन कार्यक्रम | ५ | प्रति प्याकेज बढीमा १ करोड सम्म | दूध उत्पादन कार्यक्रमका लागि झापा, मोरंग र सुनसरी जिल्लामा रहेका हुलाकी मार्गका गाउँपालिका/नगरपालिकामा रहेका कृषक समूह/समिति, सहकारी संघ/संस्थां |

**नोट** : सम्बन्धित निर्देशिका/कार्यविधिको अनुसूचीमा उल्लेख भए बमोजिमका कागजातहरु संलग्न गरेको हुनुपर्नेछ।

**प्रस्ताव बुझाउन सक्ने कार्यालयहरु :**

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ बिराटनगर

२. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बिराटनगर

३. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु : झापा, मोरंग, सुनसरी, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर र ओखलढुंगा